बागचौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागचौर सल्यान

## बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३।०८४

प्रस्तुतकर्ता

सुम्निमा डि.सी. वली (नगर उप-प्रमुख)

"सबल स्थानीय सरकार, समृद्द बागचौर नगर"

मितिः- २०८३।०३।३२

बागचौर नगरपालिकाको १६ औं नगरसभाको दोश्रो बैठकमा उप प्रमुख श्री सुम्निमा डि.सी.वलीज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८३।०८४ को बजेट वक्तव्य

मितिः- २०८३।०३।३२

**नगरसभाका अध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु,**

आज हामीहरु बागचौर नगरपालिकाको १६ औं नगरसभाको दोस्रो अधिवेशनमा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु । यस अवसरमा नेपालको राजनीतिक परिवर्तनका क्रममा भएका सशस्त्र संघर्ष, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा भएका ऐतिहासिक संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण आदरणीय ज्ञात अज्ञात महान् सहिद तथा वेपत्ताजनहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने अग्रज नेतृत्व प्रति हार्दिक नमन व्यक्त गर्दछु । यस नगरसभाका पदाधिकारीहरुबाट प्राप्त अनुभव तथा ज्ञान हस्तान्तरण तथा मार्गदर्शनका लागि आभार व्यक्त गर्दछु । यस अधिवेशनलाई सफल बनाउन राय सुझाव सहित सहयोग गर्नुहुने जनप्रतिनिधि तथा कर्मचारीहरु सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद सहित आगामी दिनमा पूर्णरुपमा सहयोग निरन्तरताको अपेक्षा गर्दछु ।

**नगरसभाका अध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु,**

**"सवल स्थानीय सरकार, समृद्द बागचौर नगर"** भन्ने मुल नारा सहित यस बागचौर नगरपालिकाको पूर्वाधार विकास, आर्थिक बृद्धि, सामाजिक न्याय, सुशासन प्रत्याभुति र विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतिहरु सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनलाई संघिय र प्रदेश सरकारका कार्यक्रमसंग समन्वय गरी साझेदार संस्थाहरुको सहकार्यलाई समेत अगाडी बढाउने गरी बजेट तयार गरेको छु ।

**नगरसभा अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
अब म चालु आ.व. २०८२।०८३ को हाल सम्मको वित्तिय प्रगति विवरण पेश गर्दछु ।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | ५४ करोड ३५ लाख ४२ हजार ६२४ | ४७ करोड ३३ लाख ०९ हजार ७८३.३९ | ८७.०८ |
| **पुजिगत** | १७ करोड २८ लाख ८१ हजार १११ | १० करोड २६ लाख ९५ हजार ९८५.९२ | ५९.४० |
| **जम्मा** | ७१ करोड ६४ लाख २३ हजार ७३५ | ५७ करोड ६० लाख ५ हजार ७६९.३१ | ८०.४० |

**नगर सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

**आर्थिक बर्ष २०८३।०८४ का लागि आय तर्फ निम्न श्रोत अनुमान गरेको छु ।**

- वित्तिय समानिकरण अनुदान (संघ) तर्फः **११ करोड ६२ लाख**
- वित्तिय समानिकरण अनुदान (प्रदेश) तर्फः **१ करोड ५९ लाख ८३ हजार**
- शसर्त अनुदान चालु (संघ) तर्फः **३१ करोड १७ लाख**
- शसर्त अनुदान पुँजीगत (संघ) तर्फः **३ करोड ६३ लाख**
- शसर्त अनुदान चालु (प्रदेश) तर्फः **२५ लाख ९६ हजार**

- शसर्त अनुदान पुँजीगत (प्रदेश) तर्फः **२ करोड ३० लाख**
- आन्तरिक आयः **१० करोड ५० लाख**
- आन्तरिक आय मौज्दात तर्फः **३ करोड १६ लाख ७ हजार**
- राजश्व बाँडफाँड संघ तर्फः **१० करोड ९९ लाख**
- राजश्व बाँडफाँड प्रदेश तर्फः **२१ लाख ९६ हजार**
- बिशेष अनुदान पुजिगत संघ तर्फः **१ करोड ७० लाख**
- बिशेष अनुदान चालु प्रदेश तर्फः **६० लाख**
- समपुरक अनुदान संघ तर्फः **४० लाख**
- समपुरक अनुदान प्रदेश तर्फः **२ करोड**
- स्थानीय राजश्व बाँडफाँड तर्फः **२५ लाख**
- कूल आय तर्फः **७७ करोड २३ लाख ७५ हजार ३ सय ३०**

**नगर सभाध्यक्षज्यू, नगर सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३।०८४ को कुल बजेट रु **७७ करोड २३ लाख ७५ हजार ३ सय ३०** मात्रको श्रोत अनुमानबाट चालू र पूँजिगत क्षेत्रगत खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आ.व. २०८३।०८४ मा चालू खर्च तर्फ रु **५५ करोड ७८ लाख ११ हजार** २ सय ७९

र पूजिगत खर्च तर्फ **रु २१ करोड ४५ लाख ६४ हजार ०५१ रुपैंया** विनियोजन गरेको छु ।

उल्लेखित पुँजीगत तथा चालु खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जन सहित) ले निर्दिष्ट गरे बमोजिम आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपत व्यवस्थापन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा क्षेत्रगत रुपमा विनियोजन गर्न प्रस्ताव गरेको छु । बजेट आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु।

**नगर सभाध्यक्षज्यू, नगर सभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८३।०८४ को व्यय अनुमान प्रस्तुत गर्दछु ।

- बागचौर नगरपालिकाको गौरवको आयोजना अन्तर्गत थारमारे ठिनवाङ जिउला हुदै बयाले सम्म सडक स्तरोन्नती, टाट्के स्यालागाँउ परिलेख पोखरी बजार सम्म सडक स्तरोन्नती, टाट्के पातिहाल्न बाँफुखोला डलसिङ्गे सडक स्तरोन्नती, सेतिगुराँस दलित बस्ती लिफ्ट खानेपानी आयोजना, ठुलाखोला सिर्पाटाकुरा लिफ्ट खानेपानी तथा सरसफाई आयोजना का लागी **रु. ८ करोड** रकम विनियोजन गरिएको छ ।

- नगरपालिकाको समग्र बिकासमा टेवा पुर्याउनका लागि वडा स्तरिय योजना तथा क्रियाकलापहरुका लागि **रु. ३ करोड ३६ लाख** विनियोजन गरिएको छ ।
- समग्र बागचौर बासि महिलाहरूलाई आत्म निर्भर बनाउनका लागि सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ जसका लागि रु. २४ लाख विनियोजन गरिएको छ ।
- नगपालीकाका सबै शाखाहरुलाई थप चलायमान बनाउनका लागि रु. **६४ लाख** विनियोजन गरिएको छ ।

- आभारभूत अस्पताल स्थापना तथा सञ्चालनका लागि र अन्य स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माण लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नगर स्तरिय अन्य योजना तथा कार्यक्रम संचालन गर्न करिब **रु. ९ करोड** विनियोजन गरिएको छ ।
- **"बागचौरको लगानी, घरघरमा सुरक्षित खानेपानी"** भन्ने नारालाई साकार पार्न एवं खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेख्य लक्ष्य हाँसिल गर्न सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता **(सुस्वा)** परियोजनाका लागी लागि **रु. ५ करोड ५७ लाख** विनियोजन गरिएको छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहन स्वरुप संचार खर्चका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत साथी समूह, स्वयम् सेवक कार्यकर्ताहरुको लागि परिचालन खर्च गर्नका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।
- बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन मनोपरामर्श सेवा, बित्तिय साक्षरता कक्षा र पुनःएकिकरण लगायतका कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यबस्था गरिएको छ ।
- राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाई संचालन गर्न रोजगार सेवा केन्द्रलाई आन्तरिकिकरण गरी उक्त कार्यक्रमसंग साझेदारीका लागि **रु ४ लाख ५० हजार सहित जम्मा रु. ९ लाख रकम** विनियोजन गरिएको छ ।
- बागचौर नगरपालिकाको खानेपानी तथा सरसफाई र फोहोरमैला व्यवस्थापनका लागि **रु. १ करोड ७० लाख** विनियोजन गरिएको छ ।
- नगर भित्रका १२ वटै वडाहरुको टोलटोलमा विद्युत विस्तार गर्ने नीति अनुसार विद्युत विस्तार गरिने योजना लिएका छौ । नगर भित्रका मुख्य मुख्य स्थानहरुमा सडक बत्ती र आवस्यकता अनुसार सोलार बत्तिको पनि व्यवस्था मिलाउदै लगिनेछ । जसका लागि विद्युत विस्तार गर्न संघीय सरकार, प्रदेश सरकार संग सहकार्य गर्दै समपुरक योजना तयार गरि उक्त कार्यमा तिब्रता दिनइनेछ ।
- बागचौर नगरपालिकामा कार्यरत करार कर्मचारीहरु, सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले निर्धारण गरे बमोजिम र नगर अनुदान तर्फ कार्यरत शिक्षकहरुका लागि १० प्रतिशत तलब बृद्धि गरिएको छ ।
- नगरपालिकाका १२ वटै वडाहरुमा रहेका प्रत्येक टोलहरुमा टोल विकास संस्था गठन गरी टोल विकासका गति बिधिहरुका साथै पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न, बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते तथा फरक क्षमता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।समावेशिकरणलाई सशक्तिकरण र सवलिकरण गर्ने हेतुले महिला तथा दलित लक्षित कार्यक्रमहरु, जेष्ठ नागरिकलाई सम्मान, शहिद परिवार सम्मान लगायतको कार्यक्रमहरु सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- बागचौर नगरपालिकाका नगरबासिहरुलाई नापी तथा मालपोत सम्बन्धि सेवा सञ्चालनका लागि **रु. १ करोड** बजेट विनियोजन गरिएको छ ।

**नगरसभाका अध्यक्षज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको वजेट वक्तव्यबाट बागचौर नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनु हुने नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, कार्यालय प्रमुखज्यु , वडाअध्यक्षज्यू लगायतका सम्पुर्ण जनप्रतिनिधि, नगर सभाका सदस्य, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, नागरिक समाज, बुद्दिजिवी लगायत वजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

सुम्निमा डि.सी. वली
नगर उपप्रमुख
बागचौर नगरपालिका, सल्यान

## अनुसूची-१

| क्र.स. | शिर्षक | संघ | प्रदेश | कुल बजेट | विनियोजिय रकम रु हजारमा |
|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ११६२००००० | १५९८३००० | १३२१८३००० | १३२१८३ |
| ४ | सशर्त अनुदान (चालु) | ३११७००००० | २५९६००० | ३१४२९६००० | ३१४२९६ |
| ३ | सशर्त अनुदान (पुँजिगत) | ३६३००००० | २३०००००० | ५९३००००० | ५९३०० |
| ५ | समपुरक अनुदान | ४०००००० | २०००००००| २४०००००० | २४००० |
| ६ | विषेश अनुदान (चालु) | ० | ६०००००० | ६०००००० | ६००० |
| ७ | विषेश अनुदान (पुँजीगत) | १७०००००० | ० | १७०००००० | १७००० |
| जम्मा | | ४८५२००००० | ६७५७९००० | ५५२७७९००० | ५५२७७९ |
| राजश्व बाँडफाँट तर्फ | | | | | |
| १ | राजश्व बाँडफाँड | १०९९००००० | २१९६३३० | ११२०९६३३० | ११२०९६.३३ |
| २ | स्थानीय राजश्व बाँडफाँड | २५००००० | ० | २५००००० | २५०० |
| | | ११२४००००० | २१९६३३० | ११४५९६३३० | ११४५९६.३३ |
| आन्तरिक श्रोत तर्फ | | | | | |
| १ | आन्तरिक श्रोत | ७३३९२१८६.३३ | | ७३३९२१८६.३३ | ७३३९२.१८६३३ |
| २ | गत वर्षको अ.ल्या. | ३१६०७८१४ | | ३१६०७८१३.६७ | ३१६०७.८१३६७ |
| जम्मा | | १०५०००००० | | १०५०००००० | १०५००० |
| कुल जम्मा | | | | ७७२३७५३३० | ७७२३७५.३३ |
| व्यय तर्फ | | | | | |
| क्र.स. | शिर्षक | प्रक्षेपित बजेट | | रकम | विनियोजिय रकम रु हजारमा |
| १ | चालु खर्च | ५५७८११२७९ | | ५५७८११२७९ | ५५७८११.२७९ |
| २ | पुजिगत | २१४५६४०५१ | | २१४५६४०५१ | २१४५६४.०५१ |
| | कुल जम्मा | ७७२३७५३३० | | ७७२३७५३३० | ७७२३७५.३३ |